# विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१

*(मिति २०७४ साल बैशाख मसान्तसम्म भएका संशोधन समेत मिलाइएको)*

कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सिंहदरबार

# विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१

नेपाल राजपत्रमा प्रकाशित मिति
२०२१।५।१३

| संशोधन गर्ने ऐन | प्रमाणीकरण र प्रकाशन मिति |
|---|---|
| गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन,२०६६ ☎ | २०६६।१०।७ |

२०२१ सालको ऐन नं. ११

✂..........................

विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : सर्वसाधारण जनताको आर्थिक हित कायम राख्न विदेशमा लगानी गर्नमा प्रतिबन्ध लगाउने व्यवस्था गर्नु वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेकोछ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ : (१) यस ऐनको नाम “विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१” रहेकोछ ।

(२) यो ऐन नेपाल ✂.......... भित्र वा बाहिर जहाँसुकै रहे बसेको भए तापनि सबै नेपाली नागरिक र नेपाल ✂........ भित्र स्थापित भएको सङ्गठित संस्थाहरुलाई लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “लगानी” भन्नाले देहाय बमोजिमको काम कुरामा गरिने लगानी सम्झनु पर्छ :-

(१) विदेशी सेक्यूरिटी,

---

☎ यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको ।

✂ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

(२) विदेशी फर्मको साझेदारी,

(३) विदेशी बैङ्क एकाउण्ट,

(४) विदेश स्थित घर जग्गा,

(५) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको बाहेक विदेशमा गरिने अरु जुनसुकै किसिमको नगदी वा जिन्सी लगानी ।

(ख) "विदेशी सेक्यूरिटी" भन्नाले विदेशमा सिर्जना वा निष्काशन गरिएको सेक्यूरिटी र साँवा वा ब्याज कुनै विदेशी मुद्रामा वा विदेशमा भुक्तानी हुने वा हुन सक्ने सेक्यूरिटी सम्झनु पर्छ ।

(ग) "सेक्यूरिटी" भन्नाले शेयर, स्टक, बण्ड, डिबेञ्चर, डिबेञ्चर स्टक र सरकारी सेक्यूरिटी, सेक्यूरिटीको डिपोजिटको सम्बन्धमा डिपोजिटको रसिद र यूनिट ट्रष्टको यूनिट वा सब यूनिट सम्झनु पर्छ र यो शब्दले सेक्यूरिटी उपरको हकको प्रमाणपत्र समेत जनाउँछ ।

३. <u>विदेशमा लगानी गर्नमा प्रतिबन्ध</u> : (१) यो ऐन प्रारम्भ भएपछि कसैले विदेशमा कुनै किसिमको लगानी गर्न हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले कुनै खास किसिमको लगानीको सम्बन्धमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी सो उपदफामा लेखिएको प्रतिबन्ध नलाग्ने गरी छुट दिन र त्यसरी छुट दिइएको लगानीको किसिम, हद, अवधि र तत् सम्बन्धी अन्य आवश्यक शर्तहरु तोक्न सक्नेछ ।

४. <u>दण्ड सजाय</u> : कसैले यो ऐनको वा यस ऐन अन्तर्गत जारी गरिएको सूचना, आदेश वा निर्देशनको उल्लङ्घन गरी कुनै काम कुरा गरेमा निजलाई बिगो बमोजिम जरिबाना वा ६ महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।

<u>स्पष्टीकरण</u> : यस दफाको तात्पर्यको लागि बिगो भन्नाले यो ऐन वा यस ऐन अन्तर्गत जारी गरिएको सूचना, आदेश वा निर्देशनको उल्लङ्घन गरी विदेशमा गरेको लगानीको रकम सम्झनु पर्छ ।

(२) उपदफा (१) अन्तर्गत सजाय हुने कसूरमा सजाय पाएका व्यक्तिले सो सजायको आदेशको सूचना पाएपछि पनि सो कसूर हुने काम कुरा जारी राखेमा निजलाई त्यस्तो प्रत्येक दिनको निमित्त रु. ५० पचासका दरले जरिबाना हुनेछ ।

५. सरकार वादी हुने : यो ऐन अन्तर्गत सजाय हुने कसूर सम्बन्धी मुद्दामा नेपाल सरकार वादी हुनेछ ।

कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय

दृष्टव्य :- केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर गरिएका शब्दहरु:-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।